समयमै हुलाकी मार्ग निर्माण हुने प्रतिबद्धता जनाउँदै दाहालले भने, 'ठेक्कापट्टामा हुने ढिलासुस्ती, भ्रष्टाचार कमिसनखोर अब चल्ने छैन, वाम गठबन्धनलाई जनताले बलियो हात बनाएर सिंहदरबार पठाएका छन् सुशासनका कुनै कसर राखिँदैन ।'

संविधान संशोधनका सन्दर्भमा उनले मधेसको पहिचान, आत्मसम्मान, सामाजिक न्यायका लागि असन्तुष्ट दलहरूसँग वार्ता चलिरहेको बताए । चाँडै सहमति गरी प्रदेश २ सहित सिंगो मुलुकको समृद्धिका लागि सबै दल जुट्ने उनको दाबी थियो । तिब्बतसँग जोडिएको केरुङ-काठमाडौं-लुम्बिनी-जनकपुरलाई जोड्ने रेलमार्ग निर्माण गर्दै धार्मिक पर्यटकीय क्षेत्रको विकास गरी लाखौं पर्यटक भित्र्याएर समृद्ध मधेस बनाउन आफ्नो प्रयास रहने उनले बताए ।

कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले संविधान कार्यान्वयनपछि मुलुकमा राजनीतिक एजेन्डा सकिएकाले सबैले मिलेर समृद्ध मुलुक निर्माणमा अघि बढ्नुपर्ने बताए । 'विगतमा जस्तो हुलाकी सडकसहित अन्य विकास निर्माणमा ठेकेदारले गर्ने ढिलासुस्ती, काम छाड्ने जरिवानासहित अनुमति खारेज गरिनेछ,' उनले भने, 'उत्तरी क्षेत्रमा फलफूल खेती र दक्षिणीतर्फ सिँचाइको प्रबन्ध गरी अन्न उत्पादन बढाएर मधेसलाई सम्पन्न बनाउन केन्द्रित हुनेछौं ।'

कार्यक्रममै प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीले वर्षौंदेखि उपेक्षित मधेसको समृद्धिका लागि विकासको विशेष प्याकेज घोषणासहित काम गरिने बताए । 'शिक्षा, स्वास्थ्यसहित मानवीय विकास सूचकांकमा पछि रहेको मधेसका लागि संघीय सरकारले प्रदेश २ लाई विशेष ध्यान दिनुपर्छ,' उनले भने, 'संघीय सरकारमा मधेसी दलहरूको समेत सहकार्य रहेकाले प्रादेशिक सरकारमा पनि गठबन्धनसँग मिलेर मधेसको विकास गर्नेछौं ।' आगामी ५ वर्षभित्र मिलेर अन्य प्रदेशको तुलनामा २ नम्बरलाई उत्कृष्ट बनाइने राउतको दाबी थियो ।

पूर्व-पश्चिम हुलाकी सडक ९ सय ७५ किमि र उत्तर-दक्षिण जोडिने सहायक सडकसहित १ हजार ७ सय ९२ दशमलव ४२ किमि स्तरोन्नतिका लागि ४७ अर्ब २४ करोड बजेट विनियोजन गरिएको हुलाकी सडक आयोजनाका निर्देशक श्याम खरेलले जनाए ।

'राजधानी हेटौंडामै'

हेटौंडा (कास)- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रदेश ३ को राजधानी हेटौंडाबाट दायाँ-बायाँ नसर्ने बताएका छन् ।

हेटौंडाबाट राजधानी सर्ने कि नसर्ने विषयमा चर्चा चलिरहेको अवस्थामा दाहालले यस्तो बताएका हुन् । हेटौंडा १० स्थित गोरक्षेश्वर धाममा आयोजित कार्यक्रममा उनले भने, 'राजधानीका लागि हेटौंडा नै उपयुक्त छ र यहाँका बासिन्दालाई ढुक्क हुन् आग्रह गर्छु ।' उनले धार्मिक पर्यटनका लागि गोरक्षेश्वरलाई सरकारले सहयोग गर्नेसमेत बताए । दाहाल माओवादी कार्यकर्ता रामकृष्ण श्रेष्ठको अवस्था बुझ्न मंगलबार अपराह्न हेटौंडा अस्पताल पुगेका थिए । क्यान्सरबाट पीडित श्रेष्ठलाई मंगलबार हेटौंडा अस्पतालमा भर्ना गरिएको छ ।

कक्षा १ मै 'फेल' गराउने कस्तो पद्धति ?

कान्तिपुर संवाददाता

काठमाडौं- नयाँ शैक्षिक सत्र सुरु हुन अझै महिना दिन बाँकी छ । तर, अभिभावकहरू 'राम्रो' स्कुल खोज्दै छोराछोरी भर्ना गराउन जुटिसकेका छन् । जाँच लिएर मात्र भर्ना लिने नियम बनाएका कतिपय स्कुल रोज्ने अभिभावकहरू थुप्रै दिनदेखि नानीहरूलाई प्रवेश परीक्षा तयारी गराइरहेका छन् । तर आफूले चाहेको विद्यालयमा सन्तानले प्रवेश पाउनेमा उनीहरू विश्वस्त छैनन् । र, भर्नाकै लागि 'सोर्सफोर्स' को सहारा खोज्दैछन् ।

अधिकांश विद्यालयले कक्षा १ मै पनि भर्नाका लागि प्रवेश परीक्षा लिने गरेका छन् । गुणस्तरीय शिक्षाको खोजीमा रहेका अभिभावक सुरुवाती कक्षामै छोराछोरीका निम्ति भौंतारिन बाध्य छन् । खुला बजारमा विद्यालय छनोट गर्ने अधिकार भए पनि प्रतिस्पर्धाका नाममा नाबालकले 'फेल' हुनुपर्ने परिस्थिति नकारात्मक हुने अभिभावकको ठम्याइ छ । 'अधिकांश निजी विद्यालयको कक्षामा सीमित विद्यार्थी पढाउन भर्ना गर्ने हो र कक्षा १ मै प्रवेश परीक्षा दिलाएर फेल गराउने चलन बालमनोविज्ञानका निम्ति हानिकारक छ,' अभिभावक संघका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले भने, 'चैत नलाग्दै केही विद्यालयले त्यही नियति दोहोऱ्याउँदै छन् । प्रवेश परीक्षा नीति बन्द हुनुपर्छ ।'

अभिभावकले एकतर्फ बच्चालाई भर्ना दिलाउन मरिहत्ते गर्नुपरेको छ, अर्कोतर्फ प्रवेश परीक्षाका निम्ति आवेदन शुल्कसमेत तिर्नुपरेको छ । नाम चलेका विद्यालयले मनपरी प्रवेश परीक्षा शुल्क लिने गरेका छन् । शिक्षा नियमावली र संस्थागत विद्यालय मापदण्ड निर्देशिकाअनुसार भर्ना फारामबापत बढीमा १ सय २५ रुपैयाँ लिन पाइन्छ । तर, काठमाडौं उपत्यकाका कतिपय विद्यालयले ५ सय रुपैयाँसम्म असुलेका छन् । आवेदन फारामबापत कति विद्यालयले ३ सय ५० रुपैयाँ, कसैले सय रुपैयाँ र केहीले २५ रुपैयाँ मात्र पनि लिएका छन् ।


शुल्क निर्धारण र अनुगमन गर्ने निकायका रूपमा शिक्षा कार्यालय रहेकामा अहिले यो जिम्मेवारी स्थानीय तहले पाएको छ । निर्देशिकाअनुसार विद्यालय साना बालबालिकाका लागि बढीमा १० किलोमिटर र ठूलालाई १५ किलोमिटर दूरीमा हुनुपर्छ । कुनै पनि विद्यालय सञ्चालन गर्न सेवा क्षेत्र तोकिएको हुनुपर्छ । तर, कुनै पनि विद्यालय सञ्चालक र अभिभावकले निर्देशिकाप्रति वास्ता गरेका छैनन् । अभिभावक पनि 'राम्रो' स्कुल छनोट गर्ने नाममा घण्टौं दूरीको स्कुल पठाएर बालबालिकालाई सास्ती दिइरहेका छन् ।

निजी विद्यालयमा हुने प्रवेश परीक्षा ग्रेडिङ प्रणालीमै हुनुपर्ने शिक्षाविदको सुझाव छ । तर, त्यसबारे शिक्षा मन्त्रालयलगायत निकाय मौन छन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) र एनप्याब्सनले पनि यसतर्फ चासो देखाएका छैनन् । 'विद्यार्थी भर्ना चापले कक्षा १ मा प्रवेश परीक्षा लिने परम्परा हो,' प्याब्सन अध्यक्ष विजय सम्बाहाम्फेले भने, 'पुरानो संरचना भंग भइनसकेको र नयाँ नीति नबनिसकेकाले अहिले बोल्न जरुरी छैन । निरन्तर प्रक्रियाअनुसार अघि बढ्छ ।'

एनप्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले सबै निजी विद्यालयले प्रवेश परीक्षा नलिने भएकाले अभिभावक चनाखो हुनुपर्ने बताए । 'राम्रो स्कुलमा भर्ना गर्ने भन्दैमा बच्चालाई कक्षा १ मै फेल गराउने खालको प्रावधानप्रति स्वयं अभिभावक जिम्मेवार हुनुपर्छ,' देश संघीय संरचनामा बदलिए पनि आम नागरिकमा केन्द्रीकृत पद्धतिअनुसारको मानसिकता कायम रहेको उल्लेख गर्दै सापकोटाले भने, 'विकल्प नहुँदा बच्चालाई प्रवेश परीक्षा लिनेभन्दा पनि अभिभावक मात्र संलग्न गराउने नीति आवश्यक छ ।'

शिक्षाविद् विद्यानाथ कोइराला मुलुक संघीयतामा गए पनि केन्द्रीय सरकारको पकड नहटेको, प्रदेश सरकार र स्थानीय सरकारले स्वामित्व लिइनसकेको अवस्थामा सबै पक्षले संयमता अपनाउन जरुरी रहेको बताउँछन् । 'विद्यार्थी छनोट प्रक्रियामा ग्रेडिङ प्रणाली उपयुक्त हो,' संविधानले विद्यालय शिक्षा निःशुल्क भने पनि निजी विद्यालयमा महँगो शुल्क तिर्ने परम्परा तत्कालै नकार्ने स्थिति नरहेको उल्लेख गर्दै उनले भने, 'तर हाम्रो मुलुकमा रेटिङ गरेर भर्ना लिइन्छ जुन बेठीक हो । आफ्नो बसोबास क्षेत्रलाई ख्याल गरेर स्कुल छनोट गर्न सक्नुपर्छ । आउजाउ समय, आर्थिक हैसियत, क्षमतासमेत स्वमूल्यांकन गरेर छोराछोरी पढाउनु उपयुक्त हुन्छ ।'

विशेष गरी नाम कहलिएका सेन्ट जेभियर्स, सेन्ट मेरिजलगायत स्कुलमा भर्ना पाउन 'सोर्सफोर्स' खोज्नुपर्छ । बूढानीलकण्ठ, रातो बंगला, जेम्स, लिटिल एन्जेल्स, डीएभी सुशील केडियालगायत स्कुलले अभिभावकहरूले 'राम्रा' मान्ने गरेका छन् ।



- **विद्यार्थीको चाप भएका विद्यालयमा प्रवेश परीक्षा परम्परा नै हो :** सञ्चालक
- **१ कक्षामै फेल र पास गराउँदै बालमनोविज्ञानमा असर पर्छ :** शिक्षाविद्

कमजोरी लुकाएर बिहे गर्दा...

■ अर्जुन राजवंशी

दमक- वैवाहिक सम्बन्ध तोडिनुमा के-के कारण हुन सक्लान् ? तर, यहाँका एक युवकले शारीरिक कमजोरी लुकाएकै कारण सम्बन्ध टुटन पुगेको छ ।

बिहेको १६ दिनमै बेहुलीले उनलाई सिन्दूपोते फिर्ता गरेकी छन् । गत फागुन २० गते बुद्धशान्ति गाउँपालिका-१ का २९ वर्षीय राकेश रेग्मीले धुमधामसँग उनलाई भित्र्याएका थिए । तर, भोलिपल्टै राकेश बेहुलीलाई छाडेर बेपत्ता भए । भारत पुगेका उनलाई आफन्तले घर ल्याएपछि बल्ल उनको शारीरिक कमजोरीको पोल खुल्यो ।

इलाका प्रहरी कार्यालय धुलाबारीको हिरासतमा रहेका राकेशलाई बेहुलीले मंगलबार प्रहरी कार्यालयमै पुगेर सिन्दूर-पोते फिर्ता गरेकी हुन् । सहजै सिन्दूर-पोते फिर्ता लिएका राकेशले बेहुलीको उज्ज्वल भविष्यको कामना गरे । शारीरिक समस्याबारे पहिला नै मुख खोल्न नसक्दा अहिले यो घटना हुन पुगेकोमा आफू लज्जित रहेको बताए । बेहुलीसँगै उनकी आमा, सानिमा, सानाबा, काकी, गाउँपालिका अध्यक्ष रमेश भुजेल, उपाध्यक्ष एवं न्यायिक समिति अध्यक्ष मीरा भूर्तेल, समिति सचिव अम्बिका अधिकारी, सदस्य मेनुका पौडेल, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष मनोरथ तिवारीसहितको टोली प्रहरी कार्यालय पुगेको थियो ।

विवाहको भोलिपल्टै बेपत्ता भएका राकेशलाई परिवारको सहयोगमा दुई दिनपछि प्रहरीले भारतबाट नियन्त्रणमा लिएको थियो । प्रारम्भिक बयानमा उनले आफू अपहरणमा परेको बताएका थिए । तर, लगातारको केरकारपछि राकेशले आफू शारीरिक रुपमा कमजोर रहेकाले बेहुलीलाई छाडेर भागेको बयान दिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक विष्णुकुमार केसीले बताए ।

अपहरणमा परेको नाटक गरेकाले राकेशमाथि सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको पनि उनले जानकारी दिए । विवाहको भोलिपल्टै ज्वाइँ बेपत्ता भएपछि बेहुली पक्षले प्रहरीलाई खबर गरेका थिए । बेहुलाले आफूमा शारीरिक समस्या भएकाले सम्बन्धलाई निरन्तरता दिन नसक्ने बताएपछि बेहुलीले आफ्नो अस्मितामाथि खेलबाड भएको भन्दै गाउँपालिकाको न्यायिक समितिमा उजुरी दिएकी थिइन् ।

उजुरीपछि न्यायिक समितिले बेहुला र बेहुली पक्ष, सामाजिक अगुवा, प्रहरीलगायतसँग लगातार छलफल चलाएको थियो । छलफलमा बेहुला र बेहुली पक्ष आपसमा मिलमिलापके माध्यमबाट अघि बढ्ने निर्णयमा पुगेका थिए । छलफलमा बेहुला पक्षले बेहुलीको भरण पोषण तथा उच्च शिक्षाका लागि ३५ लाख रुपैयाँ दिने सहमति जुटेको थियो । न्यायिक समितिको इजलासमा आइतबार र सोमबारको छलफलमा उक्त सहमति जुटेको उपाध्यक्ष भूर्तेलले बताइन् ।

छोराको शारीरिक समस्याका कारण यस्तो घटना हुन पुगेको राकेशका बुवा लालप्रसादले न्यायिक समितिको इजलासमा स्विकारे । 'मेरो छोरामा शारीरिक समस्या रहेछ । हामीलाई पनि थाहा थिएन,' उनले भने, 'बेहुलीको भविष्य नबिग्रियोस् । उनको भरणपोषण तथा उच्च शिक्षाका लागि हामी ३५ लाख रुपैयाँ दिन तयार छौं ।'

दुवै पक्षले विवाहमा भएको खर्च आआफैं बेहोर्ने सहमति गरेका छन् । उनीहरूबीच बेहुली पक्षले बेहुला पक्षलाई र बेहुला पक्षले बेहुलीलाई दिएको उपहार पनि फिर्ता गर्ने सहमति भएको छ । राकेश वैदेशिक रोजगारीको सिलसिलामा तीन वर्षदेखि संयुक्त अरब इमिरेट्स (यूएई) मा थिए । उनी विवाह गर्न १० दिनअघि मात्रै घर आएका थिए । १० महिनाअघि फूलमाला भए पनि केटासँग खासै कुराकानी नभएको केटीले बताएकी छन् । उनले राकेश विदेशमा हुँदा फोनमा नभई फेसबुकमा सामान्य कुराकानी मात्र भएको जनाइन् ।

मुख्य आरोपी...

घटनाको चौथो दिन अर्थात् १० गते केटा र केटी पक्षका बाबुआमाबीच आर्थिक लेनदेनका आधारमा घटनालाई गुपचुप राख्ने सहमति बनेको थियो । पैसाको लेनदेन मिलाउन चक्रसिंह ठकुरी नामका व्यक्तिले बिचौलियाको भूमिका खेलेका थिए । उनीहरूले एक वकिललाई नै झम्सीखेलको एक होटलमा बोलाएर कागज गर्न लगाएका थिए । इन्स्पेक्टरकै सक्रियतामा पीडित युवतीकी आमालाई २७ लाख रुपैयाँ हातैमा थमाइएको थियो भने तीन लाख रुपैयाँ बिचौलियाहरूले लिएका थिए ।

घटना सार्वजनिक भएलगत्तै फरार रहेका आरोपी पक्कन प्रहरीले काठमाडौं मातहतका सबै वृत्त तथा प्रभागमा परिपत्र गरेको थियो । मंगलबार दिउँसो कार्की दरबारमार्गमा रहेको भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले उनलाई पक्राउ गरेको हो ।

सामूहिक बलात्कार घटनालाई मिलेमतोमा गुपचुप राखेको भन्दै गृह मन्त्रालयले इन्स्पेक्टर ठकुरीलाई निलम्बन गरिसकेको छ भने काठमाडौं परिसरले सई भण्डारीलाई निलम्बन र तत्कालीन डीएसपी दीपक भारतीलाई सरुवा गरिसकेको छ । घटनाको १८ दिनपछि अर्थात् २५ माघमा काठमाडौं परिसरले छानबिन प्रतिवेदन तयार पारेको थियो । प्रतिवेदनमा इन्स्पेक्टर ठकुरी र सई भण्डारीलाई बर्खास्त गर्नुपर्ने र डीएसपी भारतीलाई जिम्मेवारीबाट हटाएर हदैसम्मको कारवाही गर्नुपर्ने सिफारिस गरिएको थियो । प्रतिवेदनमा सामूहिक बलात्कारजस्तो गम्भीर फौजदारी अपराधलाई कानुनी प्रक्रियामा अगाडि बढाउनुको साटो पीडित पक्षलाई आर्थिक प्रलोभन देखाई मिलापत्र गराएर अपराध लुकाउने/छिपाउने कार्यमा संलग्न व्यक्तिको पहिचान भएको उल्लेख गरिएको थियो ।

'अब मार्क्सवादी दलित आन्दोलन'

कान्तिपुर संवाददाता

काठमाडौं- अहिलेकै व्यवस्था र शैलीले दलितका मुद्दा समाधान नगर्ने भन्दै अब वैज्ञानिक समाजवाद वा मार्क्सवादी दलित आन्दोलन गर्नुपर्ने बहस सुरु भएको छ । १० राजनीतिक दल आबद्ध महिला सांसदहरूको अन्तरपार्टी दलित महिला सन्जालले '५३ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस' का अवसरमा राजधानीमा गरेको अन्तर्क्रियामा यसबारे मंगलबार छलफल भएको हो ।

अन्तर्क्रियामा दलित आन्दोलनको राजनीतिक कार्यदिशाबारे कार्यपत्र प्रस्तुत गर्दै लेखक एवं राजनीतिज्ञ आहुतिले पुँजीवादी संसदीय व्यवस्थाले दलितलाई उपयोगमात्र गर्ने भन्दै अब वैज्ञानिक समाजवादको तयारी सुरु गरिहाल्नुपर्ने बताए । ७० वर्षको आन्दोलनले कुनै आधारभूत परिवर्तन नल्याएको उल्लेख गर्दै उनले भने, 'एकाध व्यक्तिलाई टिप्ने, दलितका लागि केही गरिरहेजस्तो पनि गर्ने तर आधारभूत रूपमा परिवर्तन गर्न नदिने दलाल पुँजीवादको विकल्पमा जानुपर्छ ।'

वाम गठबन्धनप्रति असहमति जनाउँदै माओवादी केन्द्र त्याग गरेका आहुतिले कार्यक्रममा भने, 'चुनाव जित्न हाम्रा साथीहरूले ५ करोड खर्च गरेका छन् । एकजनाले त टिकटै पाउनलाई ३५ करोड खर्च गरेको मलाई सुनाए । कुनै दलितले यति धेरै पैसा खर्च सक्दैन । यो व्यवस्था नै पैसा हुनेले मात्रै पाउने व्यवस्था भइसक्यो । यसले दलित र गरिबलाई स्थान दिँदैन ।'

उनले मन्त्रिमण्डलको समावेशिता र उच्च पदमा रहेको जातीय एकरूपताको पनि विरोध गरे । '२२ जनाको मन्त्रिमण्डलमा एक जना मात्रै दलित छन् । सबभन्दा धेरै २३ प्रतिशत दलित रहेको ६ नम्बर प्रदेशमा एकजना पनि दलित मन्त्री छैनन् । जनजातिको अत्यधिक बहुमत रहेको ३ नम्बर प्रदेशमा एकजना नेवार र एकजना तामाङ मात्र छन्,' उनले भने, 'यो कुनै एक नेताका कारण मात्र भएको होइन । यो व्यवस्था नै जसले पुँजी लगानी गर्न सक्यो, उसकै हुने व्यवस्था हो ।' उनले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्षजस्ता उच्च पदमा एउटै जाति समूहका

'पुँजीवादी संसदीय व्यवस्थाले दलितलाई उपयोग मात्रै गऱ्यो, अब वैज्ञानिक समाजवादको तयारी गर्नुपर्छ'

व्यक्तिलाई पुऱ्याएर निर्लज्जता प्रदर्शन गरिएको पनि बताए । 'सबै मुख्य पार्टीले नीति निर्माणका तहमा दलितको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने र दलित वा महिलाका विषयमा आफैंले नै निर्णय गर्न पाउनुपर्ने व्यवस्था गर्नुपर्ने उनको भनाइ छ । 'महाधिवेशनले पारित गरेको विषयमा निर्णय गर्न किन टाउके नेताको अनुमति लिनुपर्ने ?' उनले प्रश्न गरे । उनले अस्तित्वमा रहेका पार्टीले त्यस्तो नगरे सबै पार्टीमा रहेका 'क्रान्तिकारीहरू' मिलेर नयाँ पार्टी बनाउनुपर्ने पनि बताए ।

आहुतिको कार्यपत्रमाथि टिप्पणी गर्दै एमालेका उपमहासचिव घनश्याम भुसालले राष्ट्रिय पुँजीको विकास र स्थानीय तहमा रहेका वाम प्रतिनिधित्वलाई उपयोग गरी ठूलो परिवर्तन गर्न सकिने बताए । पार्टीमा दस्तावेजहरू पारित हुने तर कार्यनीति त्यसअनुसार नबन्ने पनि उनले उल्लेख गरे । 'ठूला नेताहरू अनेक योजना बनाउन व्यस्त हुन्छन् तर कार्यकर्ता भने कोही बालुवा चोरेर, कोही काठ चोरेर, सार्वजनिक कामको सिमेन्ट लिएर धनी हुने बाटोमा लागिरहेका हुन्छन्,' भुसालले भने, '२६-२७ वर्षदेखि कम्युनिस्टहरू सरकारमा भएर पनि दलितका उनै मुद्दा बाँकी रहनु लज्जाको कुरा हो ।'

कार्यक्रममा माओवादी केन्द्रका सांसद महेश्वर गहतराजले आहुतिले समस्याको पहिचान ठीक गरे पनि समाधानका लागि छुट्टै पार्टी बनाउने कुरा गलत भएको बताए । 'जातको पार्टीले जातीय मुक्ति हुँदैन,' उनले भने । बाँकेबाट प्रत्यक्ष निर्वाचित सांसद गहतराजले दलितलाई प्रत्यक्षमा उम्मेदवार बनाएर जित्न सकिँदैन भन्ने भ्रम नेताहरूमै रहेको उल्लेख गरे । कार्यक्रममा गहतराजले र कांग्रेसकी सांसद लक्ष्मी परियारले दलित र महिलाका लागि समावेशी सिटले मात्र नपुग्ने भन्दै चक्रीय संरक्षित सिट आवश्यक रहेको बताएका थिए । कार्यक्रममा 'भूमण्डलीकृत पुँजीवाद र दलितहरूको अर्थराजनीतिक अवस्था' बारे हरि रोका, 'धर्म, जात व्यवस्था र विभेदको संस्कृति' बारे घनश्याम शर्मा पौडेल र 'दलित महिलाको प्रतिनिधित्व, पहिचान र पहुँचको सवाल' बारे डा. तारालाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए ।

उमा बादीलाई एक लाखको पुरस्कार

अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा अन्तरपार्टी दलित महिला सञ्जालले सांसद उमा बादीलाई एक लाख रुपैयाँको इभा क्यासल पुरस्कार प्रदान गऱ्यो । भृकुटीमण्डपमा आयोजित कार्यक्रममा बादी महिलाका अधिकारका लागि लामो आन्दोलनको अगुवाइ गरेकाले उनलाई पुरस्कार दिइएको सञ्जालकी संयोजक कमला हेमचुरीले बताइन् ।

कर्मचारीका लागि केन्द्रीय...

संसद् सेवाका कर्मचारीलाई प्रशासनिक सेवा परिवर्तन गराएर मात्र पठाउन सकिने सचिवालयले जनाएको छ । सचिवालयका एक उपसचिवले सेवा परिवर्तन गराएर आफू जान तयार रहेको बताए । 'हामीलाई खुसी बनाएर लैजान्छन्' भने जान तयार छौं,' उनले भने । सचिवालयका कर्मचारीको माग सुनुवाइ नभएसम्म प्रधानमन्त्री कार्यालयले लेखेको पत्रको कुनै अर्थ नभएको कर्मचारी बताउँछन् ।

सचिवालयमा ४३ जना उपसचिवको दरबन्दीमा ३५ जना कार्यरत छन् । संसदीय समितिको शाखा प्रमुख उपसचिवले सम्हाल्छन् । ६० जना शाखा अधिकृत कार्यरतमध्ये ४० जना नयाँ छन् ।

सम्पादकीय

न्यायाधीशको सम्पत्तिमाथि अनुगमन

विकृति-विसंगतिविहीन न्यायपालिकाका निम्ति पहिला न्यायाधीशकै आर्थिक आचरण शुद्ध हुनुपर्छ भन्ने बहस चलिरहेका बेला कानुनमन्त्री शेरबहादुर तामाङले न्यायाधीशहरूले सम्पत्ति विवरण अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था मिलाउने उद्घोष गरेका छन् । बहालवाला तथा पूर्वन्यायाधीशहरूबाट पनि न्यायाधीशको सम्पत्ति विवरण सार्वजनिक तथा छानबिन गर्नुपर्ने आवाज उठिरहेको छ । कानुनमन्त्री तामाङको भनाइअनुसार न्यायाधीशले न्याय परिषद्मा बुझाएको सम्पत्ति विवरण गोप्य राखिने न्यायपरिषद् ऐन, २०७३ को प्रावधान संशोधन हुन सके त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ । तर सम्पत्ति छानबिन, अनुगमन र कारबाही गर्ने बलियो संस्थागत संयन्त्र नभएसम्म सम्पत्ति विवरण सार्वजनिकीकरण मात्रै भने भ्रष्टाचार न्यूनीकरणका लागि पूर्ण हुँदैन । कानुनअनुसार सम्पत्ति विवरण सार्वजनिक गर्दै आएका अन्य निकायका कर्मचारी/पदाधिकारीबाट भइरहेका विसंगतिपूर्ण गतिविधिले समेत त्यही देखाउँछ ।

प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था मार्फत छिटो-छरितो, स्वच्छ, निष्पक्ष र पारदर्शी रूपमा न्याय सम्पादन गर्नुपर्ने भूमिकामा रहेका न्यायाधीशहरू फैसलाका कारण विवादित बनेका दृष्टान्त थुप्रै छन् । विवादित फैसला वा आदेशका सवालमा न्यायाधीशमाथि छानबिन गरी कानुनी कारबाही गर्ने थिति बसेको छैन । बरु फैसला विवादित बनेपछि राजीनामा दिन लगाएर चोख्याइएका उदाहरणहरू छन् । दण्डहीनताको अभावले न्यायाधीशहरू स्वच्छन्द बन्दा न्यायालयमा विकृति मौलाएको गुनासो चौतर्फी छ । न्यायालयमा आर्थिक चलखेलबाट मुद्दाको फैसला प्रभाव पार्न खोज्ने बिचौलियाको बिगबिगी छिपेको छैन । यिनै कारणले गर्दा २०६६ सालमा गठित चार जना वरिष्ठ न्यायाधीश सम्मिलित कार्यदलले न्यायाधीश, कानुन व्यवसायीको सम्पत्ति छानबिन र अनुगमन गर्ने स्थायी संयन्त्रको खाँचो औंल्याएको थियो । न्यायपालिकालाई विकृतिविहीन बनाउन भनी गठित त्यस कार्यदलको प्रतिवेदन कार्यान्वयनमा सम्बन्धित निकायले तदारुकता देखाएन । त्यसैले न्यायालयको फैसलामा प्रश्न उठ्ने क्रमले निरन्तरता पाइरहेको छ ।

संविधानको धारा १५३ ले जिल्ला र उच्च अदालतका न्यायाधीशले भ्रष्टाचार या खराब आचरण प्रदर्शन गरे अनुसन्धान गरी कानुनबमोजिम मुद्दा चलाउन सक्ने अधिकार न्यायपरिषद्लाई दिएको छ । सर्वोच्चका न्यायाधीशका हकमा भने परिषद्ले अनुसन्धान गरी कारबाहीका लागि संसद्लाई सिफारिस गर्न सक्छ । तर न्यायपरिषद् विवादित न्यायाधीश र फैसलामाथि छानबिन र कारबाही प्रक्रियामा उदासीन छ । सम्पत्ति जाँचबुझ उच्चस्तरीय आयोगले डेढ दशकअघि ठूलै संख्यामा न्यायाधीशको सम्पत्तिको स्रोत नखुलेको प्रमाणसहित प्रतिवेदन बुझाउँदा पनि न्यायपरिषद्ले छानबिनमा सक्रियता देखाएको थिएन । भ्रष्टाचार निवारण ऐनले राष्ट्रसेवकले गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको प्रमाणित भए कैद र जरिवाना गरी गैरकानुनी सम्पत्ति जफत गर्ने व्यवस्था गरेको छ । न्यायपरिषद्को उदासीनताका कारण न्यायाधीश र न्यायिक अधिकारीहरूका हकमा यो व्यवस्था आकर्षित गराउन सकिएको छैन । पछिल्लो समय न्यायपरिषद्मा राजनीतिक पृष्ठभूमिका व्यक्ति हाबी छन् । उनीहरूले आफ्नो सिफारिसबाट न्यायाधीश बनेकाहरूप्रति 'नरम' हुने भएकाले समेत दण्डहीनता मौलाएको हुन सक्छ । त्यसैले न्यायालयलाई विकृतिविहीन बनाउन न्यायपरिषद्को संरचनागत र नीतिगत सुधार नै पहिलो प्राथमिकता हुनुपर्छ ।

न्यायपरिषद् ऐनको दफा २९ अनुसार न्यायाधीशले आफ्नो र आफ्नो परिवारका नाममा रहेको सम्पत्तिको विवरण नियुक्ति भएको र प्रत्येक आर्थिक वर्ष सकिएको ६० दिनभित्र न्यायपरिषद्समक्ष पेस गर्नुपर्छ, तर त्यो विवरण गोप्य रहन्छ । न्यायाधीशले बुझाएको सम्पत्ति विवरण न्यायपरिषद्ले छानबिन गर्ने गरेको पनि छैन । आर्थिक पारदर्शितामा जोड दिँदै विगतमा प्रधानन्यायाधीश भएका बेला रामप्रसाद श्रेष्ठ र न्यायाधीश हुँदा अवधेशकुमारले भने आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका थिए । सम्पत्ति विवरण सार्वजनिक गर्ने विषय सार्वजनिक ओहदामा बसेको व्यक्तिको नैतिक आचरणसँग जोडिने भएकाले विवरण अनिवार्य सार्वजनिक गर्ने प्रावधान जरुरी छ । तर तिनको सम्पत्तिमा सूचनाको सहज पहुँच स्थापित नहुने र अस्वाभाविक ढंगले आर्थिक सम्पन्नता देखिए गैरकानुनी आर्जनको आशंकामा छानबिन नभएसम्म विवरण राख्नुले मात्र कुनै अर्थ राख्दैन । किनभने हाम्रा फौजदारी कानुनहरूले गैरकानुनी सम्पन्नतालाई अपराधको दायरामा पारेको छ । त्यसैले न्यायाधीशले बुझाएको विवरणमा छड्के अनुगमन, छानबिन गर्ने र कारबाही प्रक्रिया अघि बढाउने संयन्त्र न्याय परिषद्भित्र तयार गर्नुपर्छ । दण्डहीनताको अवस्था अन्त्यले मात्र न्यायपालिकाको विकृति न्यूनीकरण गराउन सक्छ । त्यसपछि मात्र न्यायाधीशबाट हुने न्याय सम्पादनप्रति आम नागरिकको विश्वास र भरोसा चुलिन्छ । अन्ततः त्यसबाट सिंगो न्यायपालिकाकै प्रतिष्ठा उचो बन्छ । न्यायालय सुधारका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने मुख्य दायित्व सरकारकै हो । न्यायाधीश र कानुन व्यवसायीहरूको भने सरकारको पहलकदमीमा साथ र सहयोग हुनुपर्छ ।

प्रदेश चलायमानको सूत्र



डा. खिमलाल देवकोटा

मुलुकको साँच्चिकै विकास र समृद्धि गर्ने हो भने प्रदेशलाई विकास र स्थानीय तहलाई सेवा प्रवाहको आधार-स्तम्भका रूपमा अगाडि बढाउनु जरुरी छ ।

सामान्य भाषामा प्रदेश संवैधानिक अधिकार प्राप्त सानिक जिल्ला विकास समितिका परिस्कृत रूप हुन । नेपाल सरकारको तजविजमा बनेको स्थानीय स्वायत्त शासन ऐनको आधारमा जिल्ला विकास समिति (जिविस) सञ्चालित थिए । यस ऐनले जिविसलाई वार्षिक बजेट बनाउने, खर्च गर्ने, राजस्व संकलन गर्ने, कर्मचारी नियुक्ति गर्ने, अनुदान प्राप्त गर्ने, योजनाको कार्यान्वयन तथा अनुगमन गर्ने, जिल्लास्तरीय नीति बनाउने, ऋण प्राप्त गर्ने लगायत अधिकार दिएको थियो । तर यी अधिकार कानुनी थिए । संवैधानिक थिएनन् । सानिक गाउँ विकास समिति (गाविस) र नगरपालिकालाई पनि झन्डै जिविस जत्तिकै अधिकार दिइएको थियो । गाविस तथा नगरपालिकाले आरामसँग काम गरेका थिए । जिविसको पदाधिकारी तथा कर्मचारी हुन तँछाड-मछाडको अवस्था थियो । निर्वाचित जनप्रतिनिधि हुँदा होस् वा नहुँदा स्थानीय विकास अधिकारी हुन सबभन्दा बढी सोर्सफोर्स लाग्थ्यो । जिल्ला सभापति प्रमुख जिल्ला अधिकारीभन्दा पनि शक्तिशाली थिए । उपसभापति र सदस्यहरूको शान पनि गज्जबकै थियो ।

न्युनतम ८ देखि अधिकतम १४ वटा जिल्लाको संयोगबाट प्रदेशको निर्माण भएको छ । यसको अर्थ कम्तीमा पनि ८ वटा जिविस मिलेर प्रदेश बनेको छ । तर यी ८ वटा जिविसको सिङ्गो जिविस/प्रदेश किन रमाउन सकेन ? प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरू काम भएन भन्दै किन सिंहदरबार धाउने अवस्था आयो ? प्रदेशका सभासदले प्रदेश नै खारेज गरिदिए हुन्छ किन भन्नुपऱ्यो ? प्रदेशमा कर्मचारी किन जान/बस्न चाहेनन् ? यी लगायत प्रदेश सञ्चालनसँग सम्बन्धित विषयमा गहन अध्ययन र विश्लेषण जरुरी छ ।

सानिक गाविस र नगरपालिकाका संरचना दशकौंदेखि बनेका हुन् । तिनै गाविस र नगरपालिकाको संयोजनबाट नयाँ गाउँपालिका र नगरपालिकाको निर्माण भएको हो । यी गाउँपालिका र नगरपालिकाका आफ्ना पुराना भवन थिए/छन् । कर, सेवा, शुल्क, दण्ड जरिवाना आदिबाट आन्तरिक आय संकलन गर्ने अधिकार हिजो थियो/छ । सानिकमा आफ्ना आन्तरिक कर्मचारी थिए/छन् । संविधानको धारा ३०४ अनुसार पुरानै स्थानीय स्वायत्त शासन ऐनअनुसार काम गर्न पाउने सुविधा थियो । यी सबै पूर्वाधार/वातावरण हुँदासमेत अधिकांश गाउँपालिका र नगरपालिकाले काम गर्न सकेनन् । नयाँ कानुन कुरेर बसे । सरकारको बजेट भाषणको प्रतीक्षा गरे । स्थानीय तहको चुनाव भएको झन्डै १ वर्षमा पनि कामले गति लिनसकेको छैन । कुनै पनि स्थानीय तहले नमुनायोग्य काम गर्नसकेका छैनन् । कुल अनुदानको ३० प्रतिशत पनि खर्च गर्न नसकेको अवस्था छ । स्थानीय तहमा कामको भारअनुसार कर्मचारी लगायत थप केही पूर्वाधार बन्नसकेको छैन । यो वास्तविकता हो । यस सम्बन्धमा निर्वाचित जनप्रतिनिधिले आत्मसमीक्षा गर्नु जरुरी छ ।

तर प्रदेशका सन्दर्भमा अवस्था बिलकुल फरक छ । दशकौंदेखिको पूर्वाधार हुँदा त स्थानीयले काम गर्न नसकेको अवस्थामा शून्यबाट सुरु गरेका प्रदेशले फटाफट काम गर्छन् भन्नु गलत हो । प्रदेश सरकारले काम गर्ने सकिएन भनी हीनताबोध गर्नु पनि हुँदैन । प्रदेश सरकारले अहिले गर्ने प्रमुख काम भनेको आवश्यक सबै कानुन निर्माण गर्ने हो । काम गर्ने वातावरणको खोजी गर्ने हो । यसका लागि मन्त्रालय/कार्यालय व्यवस्थित गर्ने हो । तात्कालिक रूपमा आवश्यक कर्मचारी केन्द्रसँग माग गर्ने हो । तर दीर्घकालीन समाधानका लागि प्रादेशिक लोकसेवा आयोगमार्फत कर्मचारी नियुक्ति गर्ने हो । प्रादेशिक निजामती सेवा गठन गर्ने हो । स्थानीयको दीर्घकालीन कर्मचारीको समस्या समाधान पनि प्रदेश लोकसेवा/निजामती सेवा आयोगमार्फत गर्ने वातावरण मिलाउने हो । आवश्यक सहजताका लागि प्रधानमन्त्री लगायतका पदाधिकारीहरूसँग सहयोग माग्ने हो । प्रधानमन्त्री प्रदेश सरकार सहजसाथ सञ्चालन हुनुपर्छ भन्ने पक्षमा हुनुहुन्छ । प्रदेश सरकार सञ्चालनमा देखिएका बाधा-व्यवधान फुकाउन तयार रहनुभएको प्रधानमन्त्रीले अभिव्यक्ति दिनुभएको छ । प्रधानमन्त्रीको यो हार्दिकता र सहजताको अवसर प्रदेशले लिन सक्नुपर्छ ।

अहिले प्रदेशमा कानुन, बजेट र कर्मचारी लगायतको समस्या छ । केन्द्र सरकारले पठाएको अनुदान खर्च गर्न पनि कानुन चाहिन्छ । विनियोजन विधेयक, पेस्की विधेयक, आर्थिक विधेयक आदि स्वीकृत गरेर मात्र खर्च गर्न पाइने कानुनी बाध्यता छ । निश्चय पनि अहिले प्रदेशमा सीमित बजेट/अनुदान छ । त्यही अनुदान पनि खर्च गर्ने संयन्त्र राम्रोसँग बनेको छैन । वित्तीय साधन र स्रोतमा हालीमुहाली गरेका, स्वदेश/विदेश भ्रमण पानी-पँधेरो भएका कर्मचारी सामान्य चिया/खाजा खाने वातावरण पनि नबनेको प्रदेशमा जान किन मान्ये ? अहिले कर्मचारी व्यवस्थापनको सवालमा सरकार कडा रूपमा प्रस्तुत भएकाले सम्भवतः प्रदेश तहमा कर्मचारीको समस्या अब रहँदैन ।

प्रदेशको काममा सहजता केन्द्रीय बजेटपश्चात मात्र आउँछ । केन्द्रीय बजेटमार्फत पाएको अनुदान तथा कार्यक्रम/आयोजनालाई प्रदेशको बजेटमार्फत कार्यक्रम स्वीकृत गरेपछि मात्र प्रदेशको काममा अलि तीव्रता हुने अनुमान गर्न सकिन्छ । अनि मात्र प्रदेश तहमा शासन गर्ने माहोल बन्नेछ । तर प्रदेशले शासन गर्ने माहोलका लागि संविधानले प्रदेशलाई दिएका अधिकार अनुसारका जिम्मेवारीसँग सम्बन्धित सबै आयोजना तथा कार्यक्रम प्रदेशका लागि राखिनुपर्छ । बजेट निर्माणको यस चरणमा सम्बन्धित पक्षको ध्यान जान जरुरी छ । जस्तो- अहिलेसम्मको हाम्रो बजेट वितरण अनुसार ४ किसिमका आयोजना/कार्यक्रमका लागि बजेट बाँडफाँड गरिन्छ । ती आयोजना/कार्यक्रम हुन् : १. राष्ट्रिय गौरवका २. निश्चित कार्यक्षेत्र तोकिएका ३. केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरका र जिल्लागत बाँडफाँड गरिएका हुन् । मेलम्ची खानेपानी आयोजना, काठमाडौं निजगढ फास्ट ट्रयाक, हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग, राष्ट्रिय स्तरका जलविद्युत आयोजनाहरू जस्तै- पश्चिम सेती, बूढीगण्डकी, माथिल्लो तामाकोशी आदि राष्ट्रिय गौरवका आयोजनाहरू हुन् । कुल बजेट विनियोजनमा यस क्षेत्रका लागि करिब १० प्रतिशत बजेट वितरण हुन्छ । निश्चित कार्यक्षेत्र तोकिएका कार्यक्रमका लागि ५-७ प्रतिशत बजेट बाँडफाँड हुने गरेको पाइएको छ । यस्ता कार्यक्रममा व्यावसायिक कृषि तथा व्यापार आयोजना, एकीकृत जलस्रोत व्यवस्थापन आयोजना, दिगो भू-व्यवस्थापन आयोजना, एकीकृत सहरी विकास आयोजना, काठमाडौं उपत्यका खानेपानी आयोजना, जलवायु प्रकोप आयोजना, राष्ट्रिय वन विकास तथा व्यवस्थापन आयोजना, काठमाडौं उपत्यका विकास प्राधिकरण, वागमती सुधार आयोजना आदि हुन् । निश्चित कार्यक्षेत्रसँग सम्बन्धित यी आयोजना तथा कार्यक्रमहरूको अधिकांश हिस्सा प्रदेश सरकारमा हस्तान्तरण गर्दा वेश हुन्छ । संविधानले पनि यस्ता आयोजना/कार्यक्रमसँग सम्बन्धित अधिकार प्रदेश तहलाई दिएको छ ।

केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरबाट सञ्चालन हुने कार्यक्रमहरूका लागि ५० प्रतिशत र बाँकी ३३-३५ प्रतिशत बजेट जिल्लागत बाँडफाँड (स्थानीयसहित) का लागि वितरण हुने हाम्रो अभ्यास छ । चालु आ.व.को बजेट बाँडफाँडले पुरानो अभ्यासलाई त्यति चिर्न सकेन । चालु आ.व.को बजेट आउँदा स्थानीय तहहरू गठन भइसकेका थिए । विषयगत कार्यालयहरूले गर्ने प्रायः सबै काम स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा विगत सरकारले त्यो गरेन । तत्कालीन सरकराले स्थानीयसँग समानान्तर हैसियतमा धेरै विषयगत कार्यालयलाई सानिकको झैं बजेट बाँडफाँड गऱ्यो । स्थानीयमा समायोजन भई काम गर्नुपर्नेमा ती निकायहरू अहिले जिल्लामा नै बसेर काम गरेका छन् । ती कार्यालयहरूसँग सम्बन्धित कार्यक्रम/आयोजना, कर्मचारी, कार्यालय भवन, सवारी साधन लगायत चल/अचल सबै सम्पत्ति स्थानीयमा नै हस्तान्तरण हुनेगरी बजेट बनाइएको भए अहिले स्थानीय तहमा त्यति धेरै समस्या रहँदैनथ्यो । विषयगत कार्यालयका कर्मचारीको तलब-भत्ता आदि सबै स्थानीयमा पठाएको भए तलबका लागि पनि बाध्य भएर कर्मचारी जाने थिए । प्रदेशको सन्दर्भमा पनि यस्तै समस्या आउन सक्छ । यसकारण बजेटमार्फत प्रदेशलाई चलायमान बनाउन सकिन्छ । यसका लागि सम्बन्धित सबै पक्षको सहयोग आवश्यक छ ।

केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा विशेष आर्थिक क्षेत्र, औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम, कर्णाली विकास कार्यक्रम, ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम, सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, सप्तकोशी उच्च बाँध परियोजना, बाली, पशुपन्क्षी सुधार आयोजना, चक्रपथ विस्तार आयोजना, सीप विकास परियोजना आदि हुन् । यी शीर्षकसँग सम्बन्धित अधिकांश आयोजना तथा कार्यक्रम पनि प्रदेश तहमा हस्तान्तरण हुन जरुरी छ । संविधानतः जिल्लागत बाँडफाँड हुने बजेट तथा कार्यक्रमको अधिकांश हिस्सा स्थानीय तहमा जान्छ/जानुपर्छ । यसैगरी राष्ट्रिय गौरवसँग सम्बन्धित कतिपय आयोजना तथा कार्यक्रमहरू प्रदेशलाई हस्तान्तरण गर्दा राम्रो सन्देश जान्छ । अपनत्व पनि हुन्छ । जस्तो- हुलाकी राजमार्ग जुन/जुन प्रदेशमा पर्छ, ती/ती प्रदेशलाई खण्ड-खण्ड गरेर जिम्मेवारी हस्तान्तरण गर्दा कार्यमा तीव्रता आउँछ । यसको जश/अपजश पनि आफै लिन्छन् । जुन प्रदेशले काम गर्न सक्दैन, त्यसको जवाफ जनतालाई आफै दिन्छन् । केन्द्रीय सरकारलाई दोष दिने ठाउँ रहँदैन । यसतर्फ पनि सोच्न जरुरी छ । यसरी हामीले बजेटमार्फत प्रदेशलाई जिम्मेवार बनाउन सक्छौं । यस अतिरिक्त केन्द्रीय सरकारले कानुन बनाएर आफ्नो अधिकार क्षेत्रमा पर्ने जिम्मेवारी पनि विकेन्द्रित गर्न सक्छ । अब केन्द्रीय सरकारले सानिकमा जस्तो सांसदका नाममा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा जथाभावी बजेट बाँडफाँड गर्ने विधिको अन्त्य गर्नुपर्छ । यदि यो निरन्तरता भयो भने प्रदेशका सांसदले पनि यस्तै खोज्छन् । उनीहरूमा निराशा आउँछ । यसैगरी स्थानीय तहले आफ्नो अवमूल्यन ठान्नेछन् । सानिकमा यो कार्यक्रमले धेरै विकृतिसमेत निम्त्याएको छ । यो सरकारले यस्तो कार्यक्रमलाई निरन्तरता दिनु हुँदैन ।



सामान्यतया सार्वजनिक क्षेत्रको तीनवटा भूमिका हुन्छ । ती भूमिकामा स्थायित्व, वितरण र विनियोजन हुन् । विभिन्न तुलनात्मक फाइदाको कारणबाट स्थायित्वसँग सम्बन्धित कार्यको जिम्मेवारी केन्द्रीय तहको सरकारमा हुने र अन्य जिम्मेवारी प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिने सिद्धान्त पनि छ । संविधानका अतिरिक्त यस आधारलाई समेत मध्यजनर गरी थप आयोजना तथा कार्यक्रमसमेत प्रदेश तहमा हस्तान्तरण गर्ने सम्भावना छ ।

संघीयतावाट जनताले ठूलो अपेक्षा गरेका छन् । प्रदेशले सहजसँग काम गर्न सकेन भने संघीयताप्रति नै सबैको वितृष्णा पैदा हुन्छ । संविधानको सोच अनुसारको दिगो शान्तिको लक्ष्य पनि सार्थक हुँदैन । मुलुकको साँच्चिकै विकास र समृद्धि गर्ने हो भने प्रदेशलाई विकास र स्थानीय तहलाई सेवा प्रवाहको आधार-स्तम्भका रूपमा अगाडि बढाउनु जरुरी छ ।

devkotakl@gmail.com

महिलाको पक्षमा आवाज



आफ्नै परिवेश

झमक घिमिरे

महिला हिंसाका घटनाहरू विविध सञ्चार माध्यमले दिइरहेका हुन्छन् । कहिले बोक्सीको आरोपमा महिला बेहोश हुन्जेल कुटिन्छे । कहिले आफ्नै अभिभावकहरूबाटै यौन हिंसाको सिकार बन्छे । कहिले आफ्नाहरूबाटै पशुसरह किनबेच हुन्छे । यस पंक्तिकारको दिमागभरि एउटै प्रश्नमात्र खेलिरह्यो- के महिला कहीं कतै सुरक्षित छैन त ? यो धर्तीमा महिला बनेर जन्मिनु अभिशाप हो त ? होइन भने यो धर्तीमा जन्मिने महिला जातिमाथि किन खालखालका हिंसा हुने गरेको छ ? केही पुरुषहरू हिंसाको जिम्मेवार स्वयं महिलालाई ठानेर आफ्नो दोष लुकाउन खोज्छन् । महिलालाई हाम्रो संस्कारले सानैदेखि के सिकाएको हुन्छ भने घरका ठूला मान्छेहरूले भनेको चाहे त्यो काम नलाग्ने होस्, त्यो कुरामाथि प्रश्न उठाउनु हुँदैन ।

महिलाको विचारको दमन संस्कारबाट हुन्छ । हाम्रो समाजमा अन्धविश्वासको जालो यसरी फैलिएको छ, जहाँ महिला सुत्केरी हुँदा अपवित्र हुन्छन् भनेर घर परको गोठमा राखिन्छ । जुन अवस्थामा बढी सरसफाइको आवश्यकता हुन्छ, पोषिलो खानेकुराको आवश्यकता हुन्छ, घरपरिवारको न्यानो साथ र सहयोगको आवश्यकता हुन्छ । त्यस्तो बेला घरभन्दा परको गोठमा एक्लै राख्दा त्यो महिलाको मानसिकता कस्तो होला ? उमेर बढ्दै जाँदा महिलाको प्राकृतिक रूपमै ऋतुस्राव देखापर्छ, यो महिलाको परिपक्व हुँदै गएको शुभसंकेत हो । तर त्यसलाई नेपाली समाजले अपवित्र मानेर घरदेखि पर गोठमा (छाउघरमा) पठाउने परम्परा पश्चिमतिर व्याप्त छ । त्यस्ता छाउघरमा बस्ने महिला, किशोरीहरू सुरक्षित हुँदैनन्, उनीहरूमाथि कतिपय जंगली जनावरको आक्रमणमा पर्ने कतिपय कुनियत बोक्ने मान्छेहरूबाटै आक्रमण हुने गरेका र कतिपय महिलाहरूको यसैकारण अकालमा ज्यान गएका खबर वर्षेनि आउने गरेका छन् ।

एउटै निर्बल महिला २१ औं शताब्दीमा बोक्सी बनेर मरणासन्न हुनेगरी किन कुटिन्छे, आफूलाई भोलेबाबा ठान्ने पुरुषबाट ? साँच्चै भोलेबाबाले त महिलालाई मेरो आधा-आधा अंग सबैभन्दा ठूलो शक्तिको रूपमा सम्मान गरेका छन् । यो कुरालाई चाहिँ किन बुझ्न सक्दैनन्, अहिलेका भोलेबाबाहरूले ? उनीहरू ईश्वरका सच्चा अनुयायी ठान्छन् भने कुन ईश्वरले निर्दोष महिलामाथि अत्याचार गर भनेका छन् ? यो पंक्तिकारले त कतै त्यसको प्रभाव भेटेकी छैन । अनि ईश्वरको रूप आफूलाई ठानेर किन निर्दोष महिलालाई सताउँछन् ? यहाँ खालखालका भोलेबाबाहरूले विभिन्न रूपमा महिलालाई सताउने काम गरिरहेका छन् । आफ्नै चेलीहरूलाई पनि यी भोलेबाबाहरूले कतै बलात्कार गरिरहेका छन्, कतै पशुको रूपमा मोलतोल गरिरहेका छन् ।

यो २१ औं शताब्दीमा पनि महिला हिंसा विश्वमा फरक-फरक रूपमा भइरहेका छन् । हिंसाग्रस्त क्षेत्रहरूमा सबैभन्दा बढी प्रभावित हुने भनेको महिला र बालबालिकाहरू हुन् । किनभने जुनसुकै हिंसामा पनि महिलाहरू जबर्जस्ती बलात्कृत भएका छन् । नामर्दाहरूले

> महिला अधिकारका ठूलठूला नारा लाउँछन्, यिनै ठूलठूला अपराधकर्म पनि मच्चाउँछन् । महिला अधिकारको सम्मान गर्ने हो भने महिलाको सुरक्षाको विशेष नीति ल्याएर त्यसको कार्यान्वयन गर्नुपर्छ ।

आफ्नो पुरुषार्थ महिलाको शरीर जबर्जस्ती गिजोलेर देखाएका होलान् । तर हर समयको इतिहासले जतिसुकै शक्तिशाली योद्धा नै किन नहुन् ? यिनलाई नामर्द नै घोषित गरेका छ । विश्वको इतिहासमा भएका जुनसुकै युद्धमा होस्, महिलाको अस्मिता लुट्ने कुकर्म हुँदै आएको छ । किनभने महिला जातिलाई विक्षिप्त बनाएर उसको अस्मिता लुटेर शत्रु पक्षलाई आफ्नो जित भएको ध्वाँस दिनेभन्दा केही उद्देश्य रहेको देखिँदैन । आज महिला अधिकारका ठूलठूला नारा लाउँछन्, यिनै ठूलठूला अपराधकर्म पनि मच्चाउँछन् । विश्वका महिला अधिकारको सम्मान गर्ने हो भने महिलाको सुरक्षाको विशेष नीति ल्याएर त्यसको कार्यान्वयन गर्नुपर्छ । नेपालको परिवेशमा भन्ने हो भने जनचेतनाको कमी छ, अन्धविश्वासले ग्रस्त समाज मान्छेको चेतनाको स्तर अझै माथि उठ्न धेरै समय लाग्छ ।

पाठक मञ्च

केका लागि अलमल ?

'अलमलमा प्रदेश सरकार' समाचार पढेपछि केही कुरा टिप्पणी गर्न मन लाग्यो । मुलुक र जनताको समृद्धिको नारा लिएर चुनावमा गएका नेताहरू अहिले जिम्मेवारी पाएपछि काम गर्न अलमल गर्न मिल्छ ? अधिकार सम्पन्न स्थानीय तह र संघीय संरचनामा प्रदेश सरकारको स्वरुप निर्धारण भइसकेपछि निर्वाचनताका जनतासामु गरेका वाचा, घोषणापत्रको कार्यान्वयन उनीहरूको दायित्व होइन र ? आफ्नो क्षेत्रको विकास, उन्नति, प्रगति र परिवर्तनका लागि नेतृत्वमा पुगेपछि काममा अलमल गर्न प्रदेश सरकारले सुहाउँछ र ? अनि किन धाउनुपऱ्यो, संघीय राजधानी काठमाडौं नै ?

काम खोज्दै कर्णालीका प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, मन्त्री र सचिवहरू काठमाडौं आउनुको औचित्य के ? ती सबैको काठमाडौं आउने-जाने खर्च प्रदेश सरकारको ढुकुटीबाट खर्च हुने त होला नि ? अनि अरु सबै प्रदेशबाट काम खोज्न भन्दै विभिन्न मागको सूची बनाएर प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, मन्त्री र सचिवहरू काठमाडौं आउन थाले भने के गर्छ, केन्द्र सरकारले ? के यो सुहाउने कुरा हो ? के अब पनि अधिकार पाइएन भनेर यो र त्यो बहानामा केन्द्रको मुख ताकिरहने हो र ? अझै पनि जनप्रतिनिधिमूलक सरकार, संसद र नेताहरूले जनताको दैनिक आइपर्ने समस्या समाधान गर्न, विकास निर्माण कार्यलाई द्रुत अघि बढाउन अलमल गर्नुपर्छ र ? विकेन्द्रीकरणको यत्रो अभ्यास भइसक्दा पनि विभिन्न बहानाबाजी गरेर केन्द्रकै मुख ताक्नु भनेको प्रदेश स्तरका नेताहरूको असक्षमता सिवाय केही होइन । आगामी दिनमा राज्यकोषबाट ठूलो खर्च गरेर काम खोज्दै कर्णाली लगायत कुनै पनि प्रदेशबाट संघीय राजधानी काठमाडौं धाउनुपर्ने बाध्यताको अन्त्य पनि हुनु जरुरी छ । यसले प्रदेशका जनतालाई सकारात्मक सन्देश दिने छैन ।

– नोदनाथ त्रिताल
चौबिसे गाउँपालिका-३, धनकुटा

त्रिशूलीको फेरिएको मुहार

एक दशकभन्दा बढी समय धमिलिएको त्रिशूली संगिलएको देख्दा वातावरण र सम्पदाप्रेमीहरू खुसी छन् । गर्न खोज्दा सकिने रहेछ भन्ने प्रमाणित भएको यो अभियानको नेतृत्वकर्ता जिल्ला समन्वय समितिका सभापति जगन्नाथ नेपाल यो मानेमा धन्यवादको पात्र हुन् । जिप्रकाको नेतृत्व पनि संवेदनशील भएकाले यो सम्भव भएको हो भन्ने सुन्नमा आएको छ । तर नदीजन्य पदार्थको दोहन गरेर कमाउन पल्केकाहरू यो अभियान तुहाउन दसतिरबाट न्वारानदेखिको बल लगाउन थालेका छन् । निर्माणका लागि बालुवा, गिटीको आवश्यकतालाई नकार्न नसकिने हुँदा यसका लागि भने गम्भीर अध्ययन र योजनासहित विकल्प खोज्न आवश्यक छ । समस्या त भविष्यप्रति आँखा चिम्लिएर आजै अनि आफैं कमाउने र सम्पदा सिध्याउने नियत भएकाहरूको आक्रामक अतिक्रमण नै हो । प्राकृतिक वा ऐतिहासिक सम्पदा नामेट पारेर गरिने कमाइ-धमाइले भविष्य बन्दैन । उल्टै विकराल समस्या आउँछन् भन्ने कुरा सिंहदरबारको अधिकार हातमा लिएर स्थानीय तहमा बसेकाहरू र नदी व्यापारीहरूले बेलैमा बुझिदिए उनीहरूकै पनि कल्याण हुनेछ ।

– कृष्ण कुम्पुरे
धादिङ

दुर्घटना र हेलमेटको सम्बन्ध

मोटरसाइकल दुर्घटना भएमा अगाडि बसेर चलाउनेभन्दा पछाडि बस्ने बढी घाइते हुने सम्भावना रहन्छ, तर हाम्रो देशमा अनौठो चलन छ । पछाडि बस्नेले हेलमेट लगाउनु नपर्ने । जसले हेलमेट लगाएका छन्, त्यो पनि अधिकांश गुणस्तर नभएका र केवल ट्राफिक प्रहरीको आँखा छल्न यसो टाउकोमा राखे गरिन्छ, अझै सेतो लुगा लगाए हेलमेट नै लगाउनु नपर्ने अद्भुत नियम पनि हाम्रै देशमा छ । गुणस्तरीय हेलमेटले कुनै पनि दुर्घटनामा टाउकामा लाग्ने चोटपटक ७० प्रतिशत कम गर्नसक्ने तथा ज्यान बाँच्ने सम्भावना ५० प्रतिशत हुने डाक्टरहरूको राय छ भने नियम बनाउन केले रोकेको छ ? मोटरसाइकलमा दुबैलाई हेलमेट अनिवार्य गर्नुका साथै पेट्रोल ट्यांकीमा सानो बच्चालाई राखेर दौडाउने क्रियाकलापमा पनि बन्देज लगाउनुपर्ने देखिन्छ । किनकि यो अत्यन्तै खतरनाक हो ।

– नवीन रायमाझी
संयुक्त राज्य अमेरिका

प्रतिपक्षीको खबरदारी आवश्यक

ठूलो राजनीतिक परिवर्तनपछि यतिबेला नेपाली कांग्रेसलाई प्रतिपक्षमा बसेर सरकारका अवाञ्छित क्रियाकलापमाथि औंला ठड्याउने अवसर मिलेको छ । तथापि वाम गठबन्धनले सत्ता सम्हालेको एक महिना पुगिसकेको र यो बीचमा सरकारी पक्षबाट मनोमानी ढंगले पहाड भस्काएको सन्दर्भ विभिन्न सञ्चार माध्यमले ३ हप्ताअघि नै सार्वजनिक गर्दा पनि प्रतिपक्षी नेपाली कांग्रेस कानमा तेल हालेर बसेपछि सर्वसाधारणले औंला ठड्याउनैपर्ने भएको छ ।

सन्दर्भ डडेलधुरा जिल्लाको हो । ७ नम्बर प्रदेशको केन्द्रमा अवस्थित उक्त जिल्लाको ८० प्रतिशत भूभाग प्राकृतिक जंगलले ढाकिएका कारण मुलुककै निम्ति गर्व गर्ने ठाउँ बन्दै आएको छ । तर प्रदेश नम्बर ७ का मुख्यमन्त्रीको अगुवाइमा वातावरणीय प्रभाव मूल्यांकनसमेत नगरी

समाजवादको बाटो



प्रा. कृष्ण पोखरेल

यो संविधानको दुई ठाउँमा समाजवादको उल्लेख छ- एउटा प्रस्तावनामा र अर्को धारा ४ मा । प्रस्तावनामा नेपाललाई समृद्ध राष्ट्र बनाउन समाजवादप्रति प्रतिबद्ध रहने भनिएको छ । धारा ४ मा चाहिँ नेपाल राज्यको परिभाषा गर्दा समाजवाद उन्मुख राज्य भनिएको छ । संविधानमा अंकित यो कुरा नेकपा एमाले र माओवादी केन्द्रको ठूलै जोडबल नभई सम्भव भएको होइन । तर यो जशको भागिदार यी दुई पार्टी मात्र होइनन् । यथार्थमा यो काम यिनको जोडबलले मात्र त्यसबेलासम्म सम्भव हुन्थेन, जबसम्म नेपाली कांग्रेसले पनि हुन्छ भनी टाउको हल्लाउने थिएन । हुन त यतिबेलासम्म उसको नवउदारवादसँगको लगनगाँठो निकै कसिलो भइसकेको थियो । तथापि समाजवादप्रतिको उसको प्रतिबद्धता पार्टीको विधान/चुनावी घोषणापत्रको गाता वा पार्टीले गर्ने सार्वजनिक कार्यक्रमको तुलको सिरानमा जीवितै थियो । त्यतिमात्र होइन, नेताहरूको जनतालाई फकाउने भाषणमा बीपीको समाजवाद कहिल्यै छुटेदैनथ्यो ।

तर यो संविधान त्यहीं अड्किएर बसेको छैन । यसले नेपाली नागरिकका लागि पस्केको मौलिक हकभित्र यस्ता यस्ता हकहरू छन्, जसको इमानदारीपूर्ण कार्यान्वयनले समाजवादको बाटो प्रशस्त गर्छ । जस्तो कि त्यहाँ नेपाली नागरिकका लागि रोजगारीको हक, स्वास्थ्यको हक, श्रमको हक, आवासको हक, दलितको हक र सामाजिक न्यायको हकजस्ता सामाजिक-आर्थिक सुरक्षा विषयक हक प्रत्याभूत गरिएका छन् । त्यतिमात्र होइन, तिनै हकहरूको लहरमा यी हकहरू कार्यान्वयनका लागि राज्यले संविधान प्रारम्भ भएको मितिले तीन वर्षभित्र कानुन बनाइसक्नुपर्ने भनिएको छ । शौभाग्यको कुरा के छ भने संविधानको यो प्रतिबद्धता र मौलिक हकको कार्यान्वयनको यो जिम्मेवारी नेपाली मतदाताले वैचारिक हिसाबले नै समाजवादप्रति प्रतिबद्ध वाम गठबन्धनलाई सुम्पेका छन् । अतः समाजवादको सफलताको श्रेय र असफलताको दोष अब वाम गठबन्धनकै पोल्टामा पर्ने निश्चित छ ।

वाम गठबन्धनको सफलताको यो श्रेय एमाले र माओवादी केन्द्रको नेतृत्व र त्यसमा पनि खासगरी केपी ओली र प्रचण्डलाई जान्छ, जसले इतिहासको पदचापलाई सुनेर र नेपाली जनताको नाडी छामेर यो गठबन्धन गर्ने निर्णय गरे । तर श्रेयका अंशियार मुलुकभरि फैलिएका यी दुवै पार्टीका कार्यकर्तालाई पनि समान रूपले जान्छ, जो निर्वाचनको मुखमा हठात बनेको यो गठबन्धनलाई चुनावी सफलतामा रूपान्तरित गर्न दिलोज्यानले लागे । त्यसो त यो सफलताको सबैभन्दा ठूला नायक भनेका नेपाली जनता नै हुन्, जसले नेपाली कांग्रेसको वाम गठबन्धनले जिते मुलुकमा अधिनायकवाद आउँछ भन्ने हाउगुजीलाई बेवास्ता गर्दै वाम गठबन्धनको स्थायित्व, विकास र समृद्धिको वाचालाई पत्याए ।

यो मुलुकमा यस्ता पनि जडसूत्रवादी कम्युनिष्ट नेता र हातेकुर्सी क्रान्तिकारी छन्, जो यी दुई पार्टीको गठबन्धन र पार्टी एकताको प्रयत्नलाई अनेक फत्तुर लाउँछन् । ती मध्ये कोही माओवादी जनयुद्धको एमालेमा विसर्जन भएको देख्छन्, कोही यसमा यी दुई पार्टी नेताहरूको चरम अवसरवाद देख्छन् । कतिपय बालरोगग्रस्त क्रान्तिकारी मार्क्सदेखि माओसम्मका कृतिलाई उद्धृत गर्दै क्रान्तिलाई धोका दिएको आरोप लगाउँछन् । यी सबैको फत्तुरको निचोड के हो भने यी सबै भुइँको टिप्न पोल्टाको गमाउनुपर्ने भन्छन् । तर यसमा मेरो भने सख्त असहमति छ ।

कुनै दिन कांग्रेस सुधिन सक्छ, विद्यमान नेतृत्व पंक्ति परिवर्तन हुन सक्छ । यो आशा मनको लड्डु घिउसँग खानु हुँदै होइन ।



मलाई लाग्छ, कुनै मुलुकको क्रान्ति यी आ-आफ्नो समयका समाजवादका प्राधिकारहरूको कृतिको रिठ्ठो नबिराइ गरिने अनुकरणबाट सम्भव हुने होइन । न पेरिस कम्युनको बाटोबाट रूसमा बोल्सेभिक क्रान्ति भएको हो न बोल्सेभिक क्रान्तिको बाटो अनुशरण गरेर चीनमा नौलो जनवाद सम्भव भएको हो । कास्त्रोले आफ्नो बाटो आफैं खोजे र होची मिन्हले आफ्नो बाटो आफैं ।

एक समय जल्दोबल्दो र कतिपय मुलुकमा त सत्तामै पुगेकाहरू आफ्नो क्रान्तिको बाटो आफै नखोजेका कारण वा इतिहासको पदचाप सुन्न नसकेका कारण कसरी दृश्यपटलबाट ओझेल भए र इतिहासको 'डस्टबिन'मा मिल्किए, त्यसका उदाहरणले कम्युनिष्ट क्रान्तिको इतिहास भरिएको छ । सत्ता हातमा आए पनि समाजवादको प्राप्तिका लागि हतार गर्दा कहाँ पुग्यो इतिहासको गर्तमा हराएका छन् । मलाई त कुनै मुलुकमा कम्युनिष्ट विचारको कार्यान्वयन भनेको मानव शरीरमा अंग प्रत्यारोपणजस्तै जटिल र सम्वेदनशील क्रिया हो भन्ने लाग्छ । शरीरको 'मेटाबोलिजम'सँग मिल्यो भने शरीरले त्यसलाई ग्रहण गर्छ, मिलेन भने अस्वीकार गर्छ । ठिक त्यसैगरी समाजको विकासको अवस्थासँग विचारको मात्रा मिलाउन सक्यो भने त्यसले क्लिक गर्छ, नत्र मात्रा बढी भए पनि 'रियाक्सन' हुन्छ, कम भए पनि छुँदैन । हो, यो संगीन दोसाँधमा नेतृत्वको परख र पहिचान हुन्छ । हतार गर्ने पोलपोट भए, नक्कल गर्नेहरू गोन्जालो भए र धिमाहरू सीपीआईएम भए । र समाज विकासको अवस्था अनुरुप मात्रा मिलाउन सक्नेहरू एमाले र माओवादी केन्द्र भएका छन् र ऐतिहासिक छलाङ लगाउने ठाउँमा पुगेका छन् ।

संसारमा समाजवादले धक्का खाएको बेला जनताको बहुदलीय जनवादको प्रतिपादन गरेर मदन भण्डारीले कम्बोडियामा पोलपोट- अइउसारीको शासन ? पेरुमा क्रान्तिको त्यत्रो उभार ल्याएको मार्क्सवाद, लेनिनवाद, माओवाद र गोन्जालो विचारधाराको पक्षधर 'साइनिङ पाथ'को के हविगत भो ? अरु त अरु भारतमा कुनै बेला कंग्रेस आई.पछिको दोस्रो राजनीतिक शक्ति बनेको सीपीआईएमको पश्चिम बंगाल, केरला र त्रिपुरा गरी तीन राज्यमा वर्षौं चलेको सरकार र उसको 'पिपुल्स डेमोक्र्यासी' यतिबेला कहाँ पुग्यो ? कंग्रेसइतर एवं गैरदक्षिणपन्थी गठबन्धनले तिनका नेता ज्योति वसुलाई भारतको प्रधानमन्त्री प्रस्ताव गर्दा पनि अस्वीकार गर्ने भनिएको त्यो पार्टी किन आज सिला खोज्नुपर्ने अवस्थामा पुग्यो ?

वास्तवमा आफ्नो मुलुकको वस्तुस्थितिको ठोस विश्लेषण गरेर तदनुरुप बाटो तय गर्ने पार्टीहरूले निर्णायक छलाङ मारेका छन् र त्यसो नगर्नेहरू एमालेलाई वैचारिक पुनर्गठनका साथ जहाँ उभ्याए, त्यसैको प्रतिफल हो, एमाले । त्यस्तै जनयुद्धलाई साइनिङ पाथको दुःखान्त अवस्थातर्फ जान नदिएर प्रचण्डले जुन ऐतिहासिक मोडमा त्यसको क्रमभंग गरे, त्यसैको प्रतिफल हो, आज यो मुलुकमा स्थापित भएको गणतन्त्र, समावेशी लोकतन्त्र, संघीयता र धर्मनिरपेक्षता जस्ता मान्यता परिवर्तन ।

तर जुन बेला यी दुई पार्टी एकअर्काबाट टाढा रहे, परिवर्तनको प्रतिफल प्राप्त गर्नबाट नेपाली जनता वञ्चित रहने अवस्था आयो । त्यतिमात्र होइन, उनीहरू निराश र हताश हुने अवस्था आयो । हो, यही विन्दुमा यी दुई पार्टीका नेतृत्व वर्गले नेपाली समाज विकासको इतिहासमा अर्को क्रमभंग गरे । त्यसैको उपज हो, वाम गठबन्धन, त्यसको चुनावी विजय र समाजवाद कार्यान्वयन गर्न जुरेको यो ऐतिहासिक अवसर ।

अब रह्यो, समाजवादको कुरा । मैले बुझेसम्म मार्क्सले प्रतिपादन गरेको समाजवादको समकालीन भाष्य भनेको वर्गीय, जातीय र लैङ्गिक भेदभावबाट मुक्त त्यस्तो समाज स्थापना हो, जहाँ मानव सशक्तीकरणको उच्चतर अवस्था हुन्छ । हो, त्यही मानव सशक्तीकरणको उच्चतर अवस्थाको प्राप्ति नै यो सरकार र पार्टीको अभीष्ट हुनुपर्छ । जहाँसम्म मानव सशक्तीकरणको उच्चतम अवस्थाको कुरा छ, त्यो त योभन्दा पनि उच्च स्तरको समाजवादमा मात्र सम्भव होला ।

आगामी दिनहरू निसन्देह चुनौतीपूर्ण छन् । चुनौतीहरू देश र विदेशी दुवै छन् । त्यतिमात्र होइन, यिनकै संगठनहरूभित्र पनि छन् । विकास र समृद्धिको वाचा पुरा गर्नुपर्ने प्रशासनयन्त्र अत्यन्त जुम्सो छ । तिनमा काम गर्ने संस्कृतिको नितान्त अभाव छ । अर्कोतिर राजनीतिक-प्रशासनिक नेतृत्व भ्रष्टाचारले आक्रान्त छ । बाह्य शक्तिहरूमा संशय व्याप्त छ । यिनै पार्टीहरूभित्र पनि इमानदार र कर्मशीलहरू पाखा परेको र आफ्नो पदलाई कमाइखाने भाँडो बनाएका छट्टु र चाटुकारहरूको बिगबिगी छ । तर यिनको नेतृत्वले बुझ्नुपर्ने कुरा के छ भने तिनै चुनौतीमाझ अवसर पनि छन् । अहिलेसम्म जनताले यो गठबन्धनले गरेको वाचालाई पत्याएर जिताएका हुन् । तर अब आफूले गरेका तिनै वाचा पुरा गरेर जनताको विश्वास जित्नुपर्ने हुन्छ ।

नेपाली जनता र समकालीन इतिहासले संविधान र निर्वाचनमार्फत सुम्पेको कार्यभार पुरा गर्ने काममा यो गठबन्धनलाई असफल हुने छुट छैन । अब यी दुई पार्टी गठबन्धनको अवस्थाबाट एक कदम अगाडि बढेर एकीकृत हुन जरुरी छ । बलियो संगठन र दृढनिश्चयले मात्र सफलताको यात्रा तय गर्न सकिन्छ । रातारात चमत्कार हुन्छ भन्ने कुरा त म पनि मान्दिन र भन्दिन पनि । तर यो सरकार र एकीकृत पार्टीले सही दिशातर्फ पाइला चाल्न जरुरी छ । आहानै छ- बिहानले दिनको संकेत गर्छ । हेरौं, नेपालीको स्वप्न भङ्ग हुन्छ कि पुरा !

pokharelkrishna@gmail.com

मन्त्री विष्टको श्रम-गन्तव्य



देश-विदेश

देवेन्द्र भट्टराई

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले पदबहाल हुने बित्तिकै दुई चित्ताकर्षक घोषणा सुनाए– मधेसको धनुषासहित तीन स्थानमा श्रम कार्यालय खोल्ने र पीडित कामदारलाई तत्काल न्याय दिन दैनिक उजुरी सुनुवाइ गर्ने ।

अघिल्लो कार्यकालमा विद्युत महसुल नतिर्ने अड्डाको 'तार काटेर' ख्याति कमाएका मन्त्री विष्टले श्रम-रोजगारको दुनियाँमा आएर पनि त्यस्तै लोकप्रिय हुन सकिने निर्णय (निर्देशन) त गरेका छन्, तर यसको प्रभाव-पहुँच र नतिजा तत्कालै नदेखिने निश्चित छ । श्रममा काठमाडौं बाहेक कार्यालय खोल्ने निर्णय सम्भव होला, तर म्यानपावरको आफ्नै शासन-संयन्त्र र चर्को दण्डहीनताको स्थितिमा तत्कालै कुनै हेरफेर भइहाल्ला भन्ने आधार कहीं कतै देखिन्न ।

एउटा कामदारले वैदेशिक रोजगारको गन्तव्यसम्म पुग्न काठमाडौंमा ६/७ वटा निकायमा धाएरै महिनौं बिताउनुपर्ने यथार्थ र तीनकुने, बानेश्वर, सोल्टीमोड हुँदै अज्ञातस्थलसम्म धाएर मात्रै 'कागजी कामदार' बन्न सकिने यथार्थितिमा श्रम-रोजगारको बजारमा मन्त्री विष्टले हिँड्ने बाटो त्यति सजिलो छैन, जति सामाजिक सञ्जालमा उनको नचाहिँदो 'क्रेज' देखिन्छ ।

श्रममन्त्री विष्टले पीडित कामदारको उजुरी/गुनासो दिनहुँ सुनुवाइ गर्न वैदेशिक रोजगार विभागका महानिर्देशक भुवनप्रसाद आचार्यलाई निर्देशन दिइरहेका बेलाको यो साताको तस्वीरमात्रै पनि अनौठो छ । सप्तरी, फकिरा गाउँका अजयकुमार र अनिलकुमार यादव 'प्याकेजिङ' कामका लागि साउदी अरेबियाको एउटा कम्पनीमा गएको ४ महिना हुनै लाग्यो । गैरीधाराको एचआर इन्टरनेसनल इमप्लोइमेन्ट सर्भिसमा जनही १ लाख ३० हजार रुपैयाँ बुझाएर साउदी पुगेका उनीहरू अहिलेसम्मै 'क्लिनिङ' काममा छन्, त्यो पनि 'बिना तलब र सुविधा' काम गरिरहेका छन् । अरु नेपालीसँग सापटी लिएर छाक टारिरहेका उनीहरूको बिचल्ली अवस्था थाहा पाएर घरफिर्ती गराउन परिवारले बिभागमा निवेदन दिएको पनि एक महिना हुनै लागेको छ । 'तर न विभागमा सुनुवाइ गरिएको छ, न म्यानपावर सम्पर्कमा आउँछ,' पीडित कामदारका आफन्त सोमबार पनि सिंहदरबार पुगेर श्रममन्त्री विष्टलाई भेट्ने पालो पर्खिरहेका थिए, तर पालो आएन । यादव जस्ता पीडितका निवेदन र गुनासा विभागमा दिनहुँ थुप्रने क्रममा छन् । धेरैजसो पीडितका हकमा न्यायिक सुनुवाइभन्दा पनि 'मिलेमतो'को अभ्यास विभागमा बढ्दो देखिन्छ । काठमाडौं केन्द्रमै मन्त्री विष्टले दिनहुँ देख्न सक्ने यो 'हविगत' अझै कति समय तान्किएर जाला, भन्न मुस्किल छ ।

सुरक्षित आप्रवासनका नाममा काठमाडौं केन्द्रमै दुई दर्जनभन्दा बढी सरकारी वा निजी संघ/संस्थाहरू सक्रियतापूर्वक कागजी-काम देखाइरहेकै हुन्छन् । आजको लैङ्गिक, सामाजिक र श्रमिक समानताको युगमा र विशेषतः वैदेशिक रोजगारीमा जाने महिला कामदारको मुद्दा उठाउने संस्था त अझ कति होलान् भनेर गन्न पनि मुस्किल छ । कतिसम्म लाजमर्दो अवस्था छ भने सरकारले वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका तयार गर्न थालेको २ वर्षभन्दा बढी भइसकेको छ । तर यसमा सरोकारवाला संस्था र विज्ञको संशोधन आउने क्रममा पर्तिर निर्णयार्थ केही हुनसकेको छैन ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले हालै आयोजना गरेको एक परामर्श भेलामा न्यायाधीश सपना प्रधान मल्लले समेत घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिकामा पुरुष र महिला कामदारलाई वैदेशिक रोजगारीमा पठाउन सकिने प्रावधान, उमेर-सीमामै 'भेदभाव' रहेको बताएकी थिइन् । प्रस्तावित निर्देशिकामा पनि २४ वर्षभन्दा माथिका महिलालाई मात्रै घरेलु काममा पठाउन सकिने व्यवस्था राखिएको छ । राज्य तहबाटै 'डकुमेन्टेड' र 'अनडकुमेन्टेड' (कानुनी र गैरकानुनी) भनी विभेद गरिने कामदारको तथ्य-तथ्यांक पनि आफैंमा गम्भीर बहसको विषय हुनसक्छ । त्यसमा पनि अनेक प्रावधान र सर्त राखेका कारण अवैध उपाय र बाटोबाट खाडी मुलुक वा प्रतिबन्धित रोजगार गन्तव्यमा पुगिरहेका महिलाहरू सबैजसो 'अनडकुमेन्टेड' छन्, सबैको हैसियत गैरकानुनी छ । उदाहरण लिएर हेर्दा, सरकारी प्रतिबन्धित गन्तव्य मुलुकका रूपमा चिनिएको इराकमा आज पनि झन्डै २० हजार नेपाली (५ हजार महिला) रहेको अनौपचारिक तथ्यांक छ ।

इराकको कुर्दिस्तान केन्द्रमा गैरआवासीय नेपाली संघको शाखासमेत छ । झन्डै एक दशकअघि इराक संकट उब्जिएपछि इराकमा रहेका (गैरकानुनी हैसियत भए पनि) नेपालीलाई 'कानुनी हैसियत' दिइने भनेर नेपाल सरकारले गरेको घोषणा श्रम मन्त्रालयको विविध-फाइलमा मात्रै भेट्न सकिन्छ । त्यही मन्त्रालयमा पुगेका लोकप्रिय मन्त्री विष्टले इराक गन्तव्य र त्यहाँ रहेका नेपालीका हकमा अब के निर्णय लिन सक्नेछन् ? अथवा अफगानिस्तान गन्तव्य बारेको पुनरावलोकन र भारतलाई समेत श्रम स्वीकृति लिएर जान सकिने गन्तव्य मुलुक

श्रम तथा रोजगारमन्त्री विष्टले आफू ऊर्जामन्त्री छँदा बिजुलीको बिल नतिर्ने अड्डा-निकायमा 'तार काटेर' वाहवाही पाएजस्तो तत्कालै परिणाम देखिने स्थिति यहाँ छैन ।

भनेर एक वर्षअघि सरकारले गरेको निर्णयमा अबको 'पुनर्विचार' के हुनसक्ला ?

वैदेशिक रोजगारीमा पनि महिला कामदारका हकमा असुरक्षा र अव्यवस्था यतिसम्म छ कि खाडी मुलुकहरू र लेबनानमा घरेलु कामदार जानमा लागेको 'प्रतिबन्ध' कागजीमात्रै बनेको छ । लेबनानमा रहेका झन्डै १० हजार नेपाली (अधिकांश महिला) को अवस्था आज न कानुनी छ, न गैरकानुनी । प्राप्त सूचना अनुसार भारत, श्रीलंका हुँदै अफ्रिकी मुलुकहरू र द्वन्द्वग्रस्त मुलुकहरू सिरिया, इराक जाने कामदारको संख्या घटेको छैन । सुरुमा त म्यानपावरको कर्तुतलाई सामान्य ठगीभन्दा पनि 'तस्करी'को तहमा वर्गीकृत गर्नसक्ने र विदेशस्थित विभिन्न कूटनीतिक नियोगले पठाएका 'कालो सूचीमा राखिएका' म्यानपावर संस्था वा व्यक्तिमा 'पुनर्विचार गर्ने नमिल्ने' हिम्मत चाहिएको छ । तत्काल लोकप्रिय बन्ने ध्याउन्नभन्दा पनि श्रममन्त्रीले वैदेशिक रोजगार विभागमा दिनहुँ उजुरी/गुनासोको सुनुवाइ गर्नसक्ने पद्धति र संयन्त्र बनाउनु जरुरी देखिएको छ । मन्त्रीले निर्देशन दिएर मात्रै केही परिवर्तन भइहाल्ने अवस्था कम्तीमा वैदेशिक रोजगार विभागमा पाउन मुस्किल छ । यो विभागका महानिर्देशक रंगेहात घुसमा समातिएका छन्, श्रममन्त्री रातारात फेरिएका छन्, श्रम सचिव महिना बिराउँदै स्थानान्तरणमा पर्ने गरेका छन् । श्रम तथा रोजगार मन्त्री विष्टले आफू ऊर्जामन्त्री छँदा बिजुलीको बिल नतिर्ने अड्डा-निकायमा 'तार काटेर' वाहवाही पाएजस्तो तत्कालै परिणाम देखिने स्थिति यहाँ छैन । पीडित कामदारको पक्षमा र विशेषतः सुरक्षित-व्यवस्थित वैदेशिक रोजगारका पक्षमा मन्त्री विष्टका निर्णय, निर्देशन र अडान 'स्थिर' बनुन् । यही अडानकै कारण म्यानपावरको विशिष्ट र बलिष्ठ सञ्जालले मन्त्रीपद खुस्काएमा गोकर्ण विष्टको नाम अझ लोकप्रिय बन्नेछ । होइन भने गुल्मेली नेता विष्टको यो नै अन्तिम श्रम गन्तव्य हुनेछ ।

ट्विटर : @registandiary

छोरीले दिलाएको पहिचान



रीता पिया

अपराजिता २२ वर्ष पहिले जन्मिँदा रोइनन् । उसका आँखा तेर्सिएको, नाक नेप्टो, हातखुट्टा र जीउ फितलो, औंला साना र फराकिला, कान पनि अलि सानो, अनुहार चन्द्रमा आकारको गोलो थिए । ऊ दूध चुस्न नसक्ने बच्ची थिई । त्यत्तिबेला जन्मजात डाउन सिन्ड्रोम एक किसिमको बौद्धिक अपाङ्गता हो भनेर डाक्टरहरूले किटान गरेर भन्न सकेनन् । डाक्टरको सल्लाह अनुसार भारतमा गई केरोटाइपिङ टेस्ट (जसले क्रोमोजोमको नम्बर बताउँछ) गरायौं । यसबाट थाहा पायौं कि छोरी त डाउन सिन्ड्रोम अर्थात २१ ट्रायसोमी रहिछे । सामान्य व्यक्तिको प्रत्येक कोषमा २३ जोडा अर्थात ४६ वटा क्रोमोजोम हुन्छन्, तर डाउन सिन्ड्रोममा भने प्रत्येक कोषको २१ औं जोडामा १ क्रोमोजोम थप भई ४७ वटा हुँदोरहेछ । त्यसकारण यसलाई २१ ट्रायसोमी भनिँदो रहेछ । यो अवस्थाबारे बेलायती डाक्टर जोन ल्याङडन डाउनले सन् १८६६ मा पत्ता लगाएका रहेछन् । त्यसैले उनको नाममा यसलाई डाउन सिन्ड्रोम नामकरण गरिएको रहेछ । विश्व डाउन सिन्ड्रोम दिवस अंग्रेजी क्यालेन्डरको तेस्रो महिना मार्चको २१ तारिखमा मनाइन्छ ।

